आज मिति २०८३/०३/३२ गते विहीबारका दिन जिल्ला विपद् व्यवस्थापन समिति डोटीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा समितिको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिती:**

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | |
| २. | श्री लक्ष्मण बहादुर सिंह | समन्वय प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय | |
| ३. | श्री बाजी सिंह खड्का | नगरप्रमुख | दिपायल सिलगढी नगरपालिका, डोटी | |
| ४. | श्री दिर्घ बहादुर बलायर | नगर प्रमुख | शिखर नगरपालिका, डोटी | |
| ५. | श्री धर्मराज जोशी | अध्यक्ष | सायल गाउँपालिका, डोटी | |
| ६. | श्री राम प्रसाद उपाध्याय | अध्यक्ष | पूर्वीचौकी गाउँपालिका, डोटी | |
| ७. | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | के.आई.सिंह गाउँपालिका, डोटी | |
| ८. | श्री कमल बहादुर गडसिला | अध्यक्ष | वोगटान फुडसिल गाउँपालिका, डोटी | |
| ९. | श्री गणेश बहादुर खड्का | अध्यक्ष | आदर्श गाउँपालिका, डोटी | |
| १०. | श्री दुर्गादत्त ओझा | अध्यक्ष | जोरायल गाउँपालिका, डोटी | |
| ११. | श्री भैरव प्रसाद साँउद | अध्यक्ष | बडीकेदार गाउँपालिका, डोटी | |
| १२. | धन बहादुर बोहरा | उपसभापति | राष्ट्रिय स्वतन्त्र पार्टी | |
| १३. | | | नेपाली काँग्रेस | |
| १५. | | | नेपाल कम्युनिष्ट पार्टी एमाले | |
| १६. | | | नेपाली कम्युनिष्ट पार्टी | |
| १७. | | | नेपाल कम्युनिष्ट पार्टी, माओवादी | |
| १८. | | | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| १९. | | | राष्ट्रिय जनमोर्चा, डोटी | |
| २०. | | | नेपाल मजदुर किशान पार्टी | |
| २१. | | | मितेरी नेपाल पार्टी | |
| २२. | ~~श्री कमल सिंह बिष्ट~~ दिपक भट्ट | ~~प्रमुख सेनानी~~ सेनानी | नेपाली सेना भैरब प्रसाद गण, डोटी | |
| २३. | श्री सागर बोहरा | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, डोटी | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| २४. | श्री शिव प्रसाद गैह्रे | स.प्र.ह. | स.प्र. बल नेपाल नं. ३६ गण हे.क्वा. | |
| २५. | श्री ललित नारायण चौधरी | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, डोटी | |
| २६. | श्री खड्क ब० खड्का | सभापति | ने. रे. सो. डोटी शाखा | |
| २७. | श्री डा. खड्क बहादुर कठायत | प्र.प्र. | मे.अ. तथा प.से.वि.के. डोटी | |
| २८. | श्री दुर्गा प्र. ओझा | नि.का.नि. | कृ.ज्ञा.के. डोटी | |
| २९. | श्री सिद्धराज जोशी | लेखाअधिकृत | सघन शहरी तथा भवन नि. आयोजना | |
| ३०. | श्री ओमशंकर चौधरी | इन्जिनियर | शहरी विकास तथा भवन कार्यालय सु.प. | |
| ३१. | श्री तेज बहादुर जोशी | A.F.O | सामुदायिक विकास मञ्च (CDF) डोटी | |
| ३२. | श्री सरिता दयाली | अध्यक्ष | दलित महिला संघ (फेडो) | |
| ३३. | श्री रमेश अधिकारी | डि.पु. | सडक डिभिजन डोटी | |
| ३४. | श्री प्रकाश बम | अध्यक्ष | नेपाल पत्रकार महासंघ डोटी शाखा | |
| ३५. | श्री दामोदर भण्डारी | प्र.प्र.अ. | दिपायल सिलगढी न.पा. | |
| ३६. | श्री गोकुल रिजाल | स.डि.व.अ. | डिभिजन वन कार्यालय, डोटी | |
| ३७. | श्री धर्म राज जोशी | समन्वय अधिकारी | जिल्ला समन्वय समिति, डोटी | |
| ३८. | श्री भुवन राज पाण्डेय | प्र.प्र.अ. | आदर्श गा.पा. | |
| ३९. | श्री चुडामणि पतेरु | नि.का.प्र. | यातायात व्यवस्था कार्यालय, डोटी | |
| ४०. | सत्य नारायण साह | का.प्र. | नेपाल विद्युत प्राधिकरण | |
| ४१. | सुशील राज जोशी | [illegible] | स्वा.का. डोटी | |
| ४२. | गणेश खड्का | सब-इन्जिनियर | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डोटी | |
| ४३. | ज्ञानेन्द्र बा धामी | प्र०स०नि० | जिल्ला ट्राफिक प्रहरी कार्यालय | |
| ४४. | केशव बम खड्का | प्र.अ. | आ. प्रा. प्रयोगशाला सिलगढी | |
| ४५. | प्रेम बहादुर भण्डारी | वरिष्ठ उपाध्यक्ष | डोटी उद्योग वाणिज्य संघ | |
| ४६. | डा. नबिन काफ्ले | नि. मे.सु. | जिल्ला अस्पताल डोटी | |
| ४७. | | | | |
| ४८. | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

**निर्णयहरु:**

१. गृह मन्त्रालय विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखाको च. नं. ८९ मिति २०८३/०३/२८ गते र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च. नं. २२४२ मिति २०८३/३/३१ गतेको पत्रबाट प्राप्त निर्देशनको सम्बन्धमा छलफल गरी उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८३/१/२८ गतेको बैठकबाट आ ब २०८३/ ०८४ को लागि स्वीकृत डोटी जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८३ सँग आबद्धता कायम गरी सबै स्थानीय तहहरुले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तय गरेको जानकारी प्राप्त भयो।

३. जल तथा मौसम बिज्ञान विभागबाट जारी हुने मौसम पूर्वानुमान, चेतावनी तथा विशेष बुलेटिनको २४ सै घण्टा नियमित निगरानी गरी सम्भावित जोखिमको समयमै विश्लेषण गर्ने । साथै आवश्यकता अनुसार स्थानीय तह र सम्बन्धित निकायहरुले यस समितिसँग समन्वय गरी उच्च सतर्कता, निरन्तर निगरानी, प्रभावकारी पूर्वतयारी तथा शीघ्र प्रतिकार्य गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्दै जनधनको क्षति न्यूनीकरणमा जोड दिने ।

४. हाल जिल्ला प्रशासन कार्यालयमा २४ सैं घण्टा सञ्चालनमा रहेको जिल्ला आपत्कालिन सञ्चालन केन्द्रलाई थप प्रभावकारी बनाउदै राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्रमा शीघ्र प्रतिवेदन गर्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा सुरेन्द्र प्रसाद जोशीलाई DEOC को प्रमुखको जिम्मेवारी तोकिएको र NEOC ले जारी गरेको आपतकालिन सम्पर्क नम्बर १२३४ मा जिल्ला प्रशासन कार्यालयको Dedicated landline नम्बर ०९४४२०१०८ लाई जोडिसकिएको हुनाले LEOC र DEOC बीच प्रभावकारी सूचना आदानप्रदान गरी समयमा नै प्रतिवेदन गर्ने व्यवस्था मिलाउने साथै सूचनाका आधारमा जिल्ला विपद् व्सस्थापन कमाण्ड पोष्ट र स्थानीय तहको सहकार्यमा खोज तथा उद्धार कार्य समयमा नै गर्न सकिने गरी संयन्त्र परिचालन गर्ने ।

५. बाढी, पहिरो, डुबान तथा अन्य मनसुनजन्य विपद्को उच्च जोखिमयुक्त क्षेत्रहरुको निरन्तर निगरानी गरी जोखिममा रहेका नागरिकलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यमा स्थानीय तह र स्थानीय विपद् व्यवस्थापन समितिले सिफारिस गरी पठाउने र यस समितिले आवश्यक सहयोग गर्ने ।

६. जोखिमयुक्त सडक, पुल, नदी तटीय क्षेत्र बस्ती तथा सार्वजनिक संरचनाको अवस्था सम्बन्धमा सम्बन्धित निकायहरुसँग समयमा नै जानकारी लिई पूर्वसावधानी अपनाउने र सर्वसाधरण नागरिक सबैलाई समयमा नै स्थानीय प्रहरी र वडातहले माइकिङ तथा सूचना जारी गरी जानकारी गराउने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

। विपद् वा गैरविपद् घटनाबाट हुन सक्ने सडक अवरुद्धलाई तत्काल खुलाउन सक्ने गरी जनशक्ति र उपकरण परिचालनको योजना तथा तयारी गर्ने ।

७. कुनै पनि दुर्घटनामा उद्धार कार्य गर्ने सुरक्षाकर्मीसँगै स्वास्थ्यकर्मी समेत खटाउने र Ambulance Tracking system सञ्चालनमा ल्याउने। यस कार्यमा जिल्ला स्वास्थ्य कार्यलयले संयोजन र व्यवस्थापन गर्ने ।

८. विपद्को बेला खोज तथा उद्धार कार्य गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक, र अपाङ्गता भएका व्यक्ति लगायत संवेदनशील वर्गलाई प्राथमिकता दिने ।

९. LEOC मा मौज्दात रहेका विपद् उद्धार सामाग्री स्थानीय प्रहरीले तत्काल खोज तथा उद्धार कार्यमा प्रयोग गर्न सक्ने गरी स्थानीय तहलाई व्यवस्था मिलाउन अनुरोध गर्ने र सो कार्यका लागि जिल्ला प्रहरी कार्यालयले मातहतका निकायहरुमा निर्देशन दिई तत्काल प्रयोग गर्न सकिने व्यवस्था मिलाउने ।

१०. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका हरेक कार्यमा प्रतिकार्य योजनामा उल्लेखित क्लष्टर संयोजकले सबै जिम्मेवार निकायलाई प्रभावकारी रुपमा परिचालन गरी स्वत: आ-आफ्नो जिम्मेवारी निभाउने वातावरण सृजना गर्ने।

११. सम्भावित विपद् सम्बन्धी सत्य, आधिकारिक र समयै सूचना प्रवाह गरी अफवाह तथा भ्रम फैलिन नदिन आपसी सूचना आदनप्रदानलाई एकद्वार बनाउने र जिल्ला प्रहरी कार्यालय, डोटीमा रहेको Intelligence डेक्सलाई नियमनको कार्यमा थप प्रभावकारी बनाउने ।यस कार्यमा स्थानीय तह, राजनीतिक दल, गैरसरकारी संस्था, विपद् सम्बद्ध पक्ष, र संचार माध्यमहरुले आवश्यक सहयोग गर्ने । सबै पक्षले सहि र यथार्थपरक सूचना समयमा नै जिल्ला विपद् व्यवस्थापन कमाण्ड पोष्टलाई जानकारी गराउने वा Toll Free नम्बर १२३४ मार्फत DEOC मा सम्प्रेषण गर्ने ।

१२. बर्षायाममा विपद्जन्य घटनाको कारण क्षति पुग्न सक्ने आवासहरुको हकमा स्थानीय तहले **विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि** बमोजिमको प्रक्रिया अगाडी बढाउने । तत्काल पाउने नगद राहतका लागि जिल्ला प्रशासन कार्यालयमा वडा सिफारिस सहित पठाउने । कृषि खेतीको क्षति पुगेका किसानहरुको हकमा वडाको सिफारिस सहित प्रदेश सरकारमा राहतका लागि पठाउने गरी जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने । यी सबै कार्यमा वडा वा पालिकाको समन्वयमा स्थानीय प्रहरीले स्थालगत मुचुल्काको कार्यमा आवश्यक सहयोग गर्न जिल्ला प्रहरी कार्यलयले मातहतका प्रहरी युनिट परिचालन गर्ने ।

१३. सायल गाउँपालिका वडा नं. १ र २ का विभिन्न टोलहरुमा २०८३/०३/२८ गते दिउँसो ४ बजे देखि साँझ ७ बजेसम्म आएको अविरल बर्षासँगै बाढी पहिरोको कारण खेतीयोग्य जमिन (धान

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

रोपेको, खानेपानीको मुहान तथा पाइप, सिंचाइ कुलो र सडकमा क्षति पुग्नुको साथै २ वटा घर पूर्ण क्षति र १८ वटा घरहरु उच्च जोखिममा रहेको हुनाले आवश्यक सहयोग गर्न सिफारिस भै आएकोले देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. पूर्ण रुपमा क्षति भएका २ वटा घर र उच्च जोखिममा रहेका १८ वटा घरहरुको हकमा पालिकाले **विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि** बमोजिम अस्थायी आवासका लागि कार्यप्रक्रिया अगाडी बढाउने र यस कार्यमा जिल्ला प्रशासन कार्यालयले सहजीकरण गर्ने ।पूर्ण रुपमा क्षति भएका घरहरुको लागि प्रहरी मुचुल्का समेतका आधारमा तत्काल दिने राहत रकम जिल्ला विपद् व्यवस्थापन समितिले नियमानुसार प्रदान गर्ने ।

ख. बाढी पहिरोको कारण खेतीयोग्य जमिन (धान रोपेको) र घट्टा क्षतिको राहत तथा खानेपानीको मुहान तथा पाइप, सिंचाइ कुलो र सडक ग्यालबिन जाली सहितमा भएको क्षतिको पुनर्निर्माणका लागि आवश्यक सहयोग गरिदिनु सुदुरपश्चिम सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सिफारिस सहित लेखी पठाउने ।तत्काललाई खानेपानीको पाइप तथा ग्यालबिन जालीको हकमा स्थलगत अनुगमन, प्रहरी मुचुल्का र क्षतिको संवेदनशिलता समेतको आधारमा भू तथा जलाधार व्यवस्थापन कार्यालय र जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयले सहयोग गर्ने ।

१४. विपद् प्रभावित हुन सक्ने क्षेत्रमा खानेपानी, खाद्यन्न, लत्ता कपडा तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्धका लागि पूर्वकार्य र समन्वय गर्ने । एकद्वार प्रणाली मार्फत राहत तथा सहयोगको सामाग्री उपलब्ध गराउने, यसका लागि जिल्ला विपद् व्यवस्थापन समितिले पालिका तह वा वडा तहसँग सहकार्य गरी राहत उपलब्ध गराउने र पालिका वा वडा तहले राहत तथा सहयोगमा दोहोरो हुन नदिन जिल्ला समितिसँगको समन्वय र सहकार्यमा यस्ता कार्य गर्ने गराउने ।

१५. आ.व. २०८३/०८४ मा स्थानीय तहमा विपद् खोज तथा उद्धार कार्यमा सहयोग पुग्ने गरी सबै स्थानीय तहहरुले कम्तिमा १० कार्यदिनको तालिम स्थानीय युवाहरुका लागि सञ्चालन गरी रोष्टर तयार गर्न अनुरोध गरी पठाउने । उक्त तालिमका लागि पालिकासँगको समन्वय र सहकार्यमा सशस्त्र प्रहरी बल, नेपाल नं. ३६ गण हे क्वाले सहयोग गर्ने ।

१६. गृह मन्त्रालयको मिति २०८३/०३/०३ गतेको निर्देशन बमोजिम जिल्ला सुरक्षा मितिको मिति २०८३/०३/०६ गतेको बैठकबाट निर्णय भई खरिद गरिएको विपद् खोज तथा उद्धार सामाग्रीको स्वीकृत/समर्थन गर्ने । खोज तथा उद्धारको कार्यलाई प्रभावकारी बनाउन तथा तत्काल उद्धार

सामाग्री सुरक्षा निकायले प्रयोग गर्न सक्ने वातावरण बनाउने उद्देश्यले आ ब २०८२/०८३ मा खरिद गरिएका र DEOC मा मौज्दातमा रहेका विपद् खोज तथा उद्धार सामाग्रीहरु जिल्ला प्रशासन कार्यालयमा लगत जनाई जिल्लास्थित सुरक्षा निकाय श्री भैरव प्रसाद गण, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल नं.३६ गण हे.क्वालाई हस्तान्तरण गर्ने ।

१७. मिति २०८३/०३/३२ गते सम्म विभिन्न विपद्जन्य घटनाबाट प्रभावित भई जिल्ला प्रशासन कार्यालय, डोटीमा निवेदन दिएका व्यक्तिलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट राहत स्वरुप वितरण गरिएको रकम रु २,५३,००० अनुमोदन गर्ने निर्णय गरियो ।

१८. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८३/०१/२८ गतेको बैठकबाट विगतमा भुकम्प वा मनसुनजन्य विपद्का कारण क्षति भएका निजी आवासहरुको पुनर्निर्माणको दोस्रो र तेस्रो किस्ताको अनुगमन गरी प्रतिवेदन गर्न सघन शहरी तथा भवन आयोजनाको ईन्जिनियर (प्राविधिक)लाई खटाइएकोमा सो अध्ययन तथा प्रतिवेदन कार्यलाई समयमा नै सम्पन्न गर्न स्थानीय तहबाट खटिने प्राविधिक कर्मचारी तोकि उक्त कार्यका लागि आवश्यक कागजात र निर्णयहरु उपलब्ध गराई आवश्यक सहयोग गर्ने । यस कार्यका लागि पालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले सहजीकरण गर्न अनुरोध गर्ने ।

१९. विपद्को समयमा उपलब्ध गराउन सकिने उद्धार तथा राहत सामाग्रीहरुको विवरण यस जिल्लामा रहेका नेपाल रेडक्रस र अन्य गैरसरकारी संस्थारुले जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने र यस्ता सामाग्रीहरु आवश्यक पर्दा परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्ने ।

२०. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन हामीसबैको साझा जिम्मेवारी हो । हामी सबैको साझा प्रयास र योगदानबाट मात्र जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ । तसर्थ, प्रतिकार्यको बेला फिल्डमा हामी सबै आआफ्नो जिम्मेवारी निर्वाह गर्न कट्टिबद्ध र प्रतिबद्ध भएर लाग्ने छौं ।

२१. डोटी जिल्लामा हाल सञ्चालनमा रहेका सहायक मार्ग (सडकहरु)को मर्मत सम्भारमा पर्याप्त बजेट विनियोजन नहुँदा नागरिकको दैनिक आवतजावत प्रभाव परेको हुँदा सङ्घ र प्रदेश सरकारलाई मातहतका सडकहरुको लागि आवश्यक स्रोतको व्यवस्था गरिदिन अनुरोध गरी पठाउने ।